लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.प.)**

☎ : ०७८-५२०१२६,५२०१०६
email : akcnawalparasi@gmail.com
website:nawalparasiakc.gov.np

प.सः ०८२/८३

# प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०६/३०**

कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.प)को चालु आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन (मिति २०८२/०७/२८ गते) भित्र यस कार्यालयमा तपशिलको कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संगलन गर्नुपर्ने कागजात तथा कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ यस कार्यालयको सूचनापाटी वा वेवसाईट nawalparasi.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०७८-५२०१२६ मा सम्पर्क गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिलः**

| क्र. सं. | कार्यक्रमको नाम | संचालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र | आवेदकको किसिम | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|
| १ | सिंचाई सहित कृषि विकास कार्यक्रम | •सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, मोटर, पाइप, ड्रिप तथा स्प्रिङ्कलर, पम्पसेट लगायतका सिंचाई सामग्री खरिद,<br>•सिंचाईकुलो/पोखरी, वोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार।<br>•स्यालो टयूववेल जडान | •फर्म/ कम्पनी/ कृषकसमूह/ कृषिसहकारी /जल उपभोक्ता समिति सहभागी हुन सक्ने ।<br>• फर्म/कम्पनीको हकमा न्युनतम १० कठ्ठा र सामुदायिकको हकमा २.५ हेक्टर सिंचित क्षेत्र विस्तार गर्नु पर्ने ।<br>• यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने।<br>• लक्षित तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने।<br>• रु. ५० हजारभन्दा कम लागतको योजना पेश गर्न पाइने छैन । | नवलपरासी (ब.सु.प.) | फर्म/कम्पनी/ कृषकसमुह/ कृषि सहकारी संस्था/ जल उपभोक्ता समिति सहभागी हुन सक्ने । | • तपशिल बमोजिम उल्लेखित रकममा नबढ्ने गरि कूल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग ।<br>• फर्म/कम्पनीको हकमा प्रति आयोजना /अनुदानग्राही अधिकतम रु.७५ हजार सम्म ।<br>•कृषक समूह/ कृषि सहकारी/ जल उपभोक्ता समितिको हकमा प्रति आयोजना/ अनुदानग्राही अधिकतम रु १ लाख ५० हजार सम्म ।<br>•कार्यालयले योजनाहरु छनोट गर्दा समग्रमा प्रति आयोजना औसत अनुदान रकम रु.१ लाखमा नबढ्ने गरी गर्नुपर्नेछ । |

कार्यालय प्रमुख

Scanned with CamScanner

☎ : ०७८-५२०१२६,५२०१०६
email : akcnawalparasi@gmail.com
website:nawalparasiakc.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.प.)

लुम्बिनी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय कृषि ज्ञान केन्द्र नवलपरासी (ब.सु.प.)

प.स: ०८२/८३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | माटो व्यवस्थापन कार्यक्रम | कार्यालयले आवश्यकता अनुसार देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न सक्नेः<br>१. माटो परीक्षण<br>२. प्रचारप्रसार तथा अभिमुखीकरण,<br>३. प्राङ्गारिक मल उत्पादन, परीक्षण तथा प्रदर्शन,<br>४.माटो व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि<br>५.भकारो/गोठेमल/कम्पोष्ट मल सुधार,<br>६. बोकासी/भर्मि कम्पोष्ट उत्पादनमा सहयोग,<br>७. माटो उपचारका लागि कृषि चुन, जिप्सम र अन्य सामग्री वितरण,<br>८. हरियो मल उत्पादन तथा प्रयोगका लागि बीउमा सहयोग,<br>९. माटोमा सन्तुलित खाद्य तत्व व्यवस्थापन सम्बन्धी अन्य क्रियाकलापहरू,<br>१०. माटो नमुना संकलनमा आवश्यक उपकरण जस्तै GPS, Auger, खुर्पी र प्लाष्टिक व्यागहरु खरिद गर्न सकिने | १.कार्यालयले एउटा क्लष्टरमा कम्तीमा २५ घरधुरी समेटिने गरी कम्तीमा १०० घरधुरी समावेश हुनुपर्ने। कार्यालयले उपयुक्त स्थलको छनोट गरी कृषक/फर्म/कृषक समूह/कृषि सहकारी मार्फत देहाय बमोजिमका कार्यक्रमहरू मध्ये आवश्यकता तथा सम्भाव्यताका आधारमा छनोट गरी सञ्चालन गर्नुपर्ने।<br><br>१. हरियो मल (ढैंचा आदि)/Bio-fertilizer प्रयोग प्रदर्शनः कम्तीमा १ रोपनी जग्गामा प्रर्दशन गर्नुपर्ने।<br>२. भकारो / गोठे मल/कम्पोष्ट मल सुधारः मूत्र संकलन टंकी निर्माण, मलखादमा छानो व्यवस्थापन गरी गोठेमल/कम्पोष्ट मल उत्पादनका लागि कम्तीमा २ वटा खाडल हुनुपर्ने।<br>३. भर्मी कम्पोष्ट उत्पादनः प्राविधिकको ईस्टिमेट अनुसार भर्मी वेड वा भर्मी व्यागमा मल उत्पादन गरेको हुनुपर्ने। उत्पादन लागत कम गर्न उपलब्ध भएसम्म स्थानीय श्रोत साधनको प्रयोग गर्ने । | नवलपरासी (ब.सु.प.) | कृषक/फर्म/ कृषक समूह/ कृषि सहकारी सहभागी हुन सक्ने । | • कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने।<br>• क्षमता अभिवृद्धिमा अधिकतम १० प्रतिशत खर्च गर्न सकिने ।<br>• स्थलगत तालिममा प्रति तालिम अधिकतम रू. २० हजार खर्च गर्न सकिने |

कार्यालय प्रमुख

Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.प.)

☎ : ०७८-५२०१२६,५२०१०६
email : akcnawalparasi@gmail.com
website:nawalparasiakc.gov.np

प.सः ०८२/८३

<table>
<tr>
<td>३.</td>
<td>वाली वस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम (आलु र मकै वाली )</td>
<td>•विउ/विरुवा तथा सामाग्रीमा सहयोग<br>• क्षमता अभिवृद्धि<br>•प्रयोगशाला सेवा, बाली संरक्षण र प्राविधिक सहयोग,प्रशोधन तथा बजारीकरण सहजीकरण।</td>
<td>देहाय बमोजिमको मापदण्ड अनुसार cluster approach मा क्षेत्रफल विस्तार गर्नुपर्ने ।<br>
<table>
<tr><td>क्र.स.</td><td>बाली</td><td>न्यूनतम क्षेत्रफल</td><td>अधिकतम अनुदान/हे.</td></tr>
<tr><td>१</td><td>मकै</td><td>१० हे.</td><td>१५ हजार</td></tr>
<tr><td>२</td><td>आलु</td><td>२ हे.</td><td>२५ हजार</td></tr>
</table>
</td>
<td>नवलपरासी (ब.सु.प.)</td>
<td>कृषक/फर्म /कम्पनी/ कृषक समूह/ सहकारी सहभागी हुन सक्ने</td>
<td>• कार्यालयले लागत अनुमान स्वीकृत गरि कार्यक्रम संचालन गर्ने,<br>• विउ/विरुवा खरिद, उत्पादन,प्रशोधन, उपकरण, बजारीकरण सामग्रीमा ५० प्रतिशत<br>• फलफुल वाहेक अन्य वालीको हकमा प्रति हेक्टर अधिकतम रु.५ हजारका दरले आवश्यकता अनुसार अन्य उत्पादन सामग्रीका लागि खर्च गर्न सकिने<br>• कार्यालयले संचालन गर्ने क्षमता अभिवृद्धि तथा अन्य प्राविधिक सेवाका लागि विनियोजित बजेटको अधिकतम ५ प्रतिशत रकम खर्च गर्न सकिने</td>
</tr>
</table>

**नोटः आलु बालीको हकमा सूचनाको अवधि (१५ दिन) मिति २०८२/०७/१३ गते सम्म हुनेछ**

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

१. प्रस्तावकको निवेदन। (अनुसूची-२३ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी।।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्वर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची-२४ वमोजिम) ।
६. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र।
७. दोहोरो अनुदान नलिएको स्वःघोषणा। (अनुसूची-३१ बमोजिम)।
८. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (कृषक समूह/कृषि सहकारी)।
९. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
१०. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
११. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाँडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र।

**_पुनश्चः_ कार्यक्रम संचालन कार्यविधिमा कुनै किसिमको संशोधन भएमा वा बजेटमा हेरफेर भएमा सोही बमोजिम कार्यक्रम संचालन हुनेछ। साथै माथि उल्लेखित कार्यविधिहरु, सूचना तथा आवेदकको नमुना ढाँचा कार्यालयको वेभसाईट nawalparasi.akc.gov.np वाट प्राप्त गर्न सकिने छ। सो सम्वन्धमा थप जानकारीको लागि कार्यालयको टेलिफोन नं. ०७८-५२०१२६ र ५२०१०६ मा सम्पर्क गर्न सकिने छ।**

..................
डा. रविन्द्रनाथ चौबे
प्रमुख

कार्यालय प्रमुख

Scanned with CamScanner